# विराटनगर महानगरपालिका

बैठक संख्या: २६
मिति: २०७५/०५/२६

बैठक प्रारम्भ: दिउसो ४:०० बजे
बैठक स्थगन: : बेलुकी ७:०० बजे

विराटनगर महानगरपालिकाका नगर प्रमुख श्री भीम पराजुली ज्युको अध्यक्षतामा आज विराटनगर महानगरपालिका नगरकार्यपालिकाको वैठक बसी मिम्न उपस्थितिमा निम्नलिखित निर्णय गरियो ।

| सि.नं. | पद | नाम | हस्ताक्षर |
|---|---|---|---|
| १ | प्रमुख | श्री भीम पराजुली | |
| २ | उपप्रमुख | श्री इन्दिरा कार्की | |
| ३ | सदस्य | श्री उद्धव अर्याल | |
| ४ | सदस्य | श्री कुमार पोखरेल | |
| ५ | सदस्य | श्री बिनोद कुमार बस्नेत | |
| ६ | सदस्य | श्री देबेन्द्रराज पोखरेल | |
| ७ | सदस्य | श्री मिनकुमार आचार्य | |
| ८ | सदस्य | श्री बिजय कामत | |
| ९ | सदस्य | श्री मधूबाबु तिवारी | |
| १० | सदस्य | श्री निश्चल अर्याल | |
| ११ | सदस्य | श्री विश्वनाथ भगत | |
| १२ | सदस्य | श्री माधवराज वाग्ले | |
| १३ | सदस्य | श्री तिर्थेन्द्र न्यौपाने | |
| १४ | सदस्य | श्री हिरालाल कामत | |
| १५ | सदस्य | श्री झरीलाल महतो | |
| १६ | सदस्य | श्री बलदेव यादव | |
| १७ | सदस्य | श्री असलम आलम | |
| १८ | सदस्य | श्री मनोज सुब्बा | |
| १९ | सदस्य | श्री समिम कमर | |
| २० | सदस्य | श्री संजय कुमार साह | |
| २१ | सदस्य | श्री बद्रीनारायण सरदार | |
| २२ | सदस्य | श्री चम्पा देवी खत्री | |

| | | | |
|---|---|---|---|
| २३ | सदस्य | श्री शिला श्रेष्ठ | |
| २४ | सदस्य | श्री बिना मण्डल | |
| २५ | सदस्य | श्री कमला सुब्बा | |
| २६ | सदस्य | श्री शुशिला पोखरेल (ओझा) | |
| २७ | सदस्य | श्री अरुण खेतान | |
| २८ | सदस्य | श्री राजेश भुजेल | |
| २९ | सदस्य | श्री गायत्री कुमारी दास | |
| ३० | सदस्य सचिव | श्री कुमारप्रसाद दाहाल | |
| ३१ | आ.सहयोगी | श्री राजेन्द्र प्रधान(सामान्य प्र.महाशाखा) | |

**निर्णय नं. १**

विधुत सामान आपुर्तिको लागि महानगरपालिकाबाट गरिएको ई विडिंग टेण्डरबाट प्राप्त सामानहरुको गुणस्तर परिक्षण गर्न वडा नं. ४ का वडाअध्यक्ष श्री देवेन्द्रराज पोखरेलको संयोजकत्वमा वडा नं. २ का वडाअध्यक्ष श्री कुमार पोखरेल, ई. अर्जुन थापाको संयुक्त टोली बनाई नेपाल विधुत प्राधिकरणको ईन्जिनियरलाई विज्ञको रुपमा आमन्त्रित गरी व्यवस्थापन गर्ने ।

**निर्णय नं. २**

विराटनगर महानगरपालिकामा मिति २०७५।०५।२४ मा राजस्व शाखामा भएको राजस्व हिनामिनाको विषयमा छानविनका लागि प्रमुख प्रशासकीय अधिकृत श्री कुमारप्रसाद दाहालको संयोजकत्वमा वडा नं. ७ का वडाअध्यक्ष श्री मधुबाबु तिवारी, वडा नं. ५ का वडाअध्यक्ष श्री मिनकुमार आचार्य र वडा नं. १४ का वडाअध्यक्ष श्री बलदेव यादव सदस्य तथा सहयोगीको रुपमा ना.सु. धिरज राई समेतको छानविन समिति गठन गरी सत्यतथ्य छानविन कार्य अघि बढाउने निर्णय गरियो ।

**निर्णय नं. ३**

विराटनगर महानगरपालिकामा वडा नं. ८ स्थित बुधहाटको महानगरपालिकाको संरक्षणमा रहेको सार्वजनिक जग्गा मध्येबाट ०-५-७ (पांचकट्ठा सात धुर) जग्गा वडा प्रहरी (ख) कार्यालयको भवन निर्माण गर्न जिल्ला प्रशासन कार्यालयलाई सहमति दिने ।

**निर्णय नं. ४**

विराटनगर महानगरपालिकामा वडा नं. ३ स्थित वडा कार्यालय भवनको छेउमा रहेको शिव गुठीको जग्गा मध्ये वडा समिति भवन निर्माण र पार्किगंको लागि आवश्यक पर्ने लगभग ०-१-० (एककट्ठा) जग्गा ९९ (उनान्सय) वर्षको लागि लिजमा लिन शिव गुठी व्यवस्थापन समिति र वडा समितिबाट सम्झौता गर्ने र सो को सर्तहरु सम्झौतामा उल्लेख गर्ने ।

**निर्णय नं. ५**

विराटनगर महानगर भित्र वर्षादबाट सडक खाल्डाखुल्डी पुर्न प्रत्येक वडाहरुले खरीद गरेको थप १०(दश) ट्रिपर गिटीको खर्च अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. ६

विराटनगर महानगरपालिका, वडाहरुमा सडक बत्ति व्यवस्थापनकालागि वडा कार्यालयमार्फत बिजुलीका सामान (बल्ब, होल्डर तथा तार) खरीद गर्न रु.५०,०००।००(पचास हजारमात्र) मा नबढ्ने गरी खरीद गर्ने ।

निर्णय नं. ७

विराटनगर महानगरपालिकाको तर्फबाट अमेरिकाको इन्टरनेशनल सिटी/कन्ट्री मेनेज्मेन्ट एशोसिएसन संस्थाको आयोजनामा संचालन हुने कन्फरेन्स गोष्ठीमा नगर प्रमुख श्री भीम पराजुलीलाई सहभागी गराउने । साथै संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा आवश्यक समन्वयकालागि अनुरोध गर्ने ।